# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६५-५७२४३६


प.सं./Ref. No.:- ०७६/०७७
च.नं./Des. No. 9669

मितिः २०७७/०१/२६

विषयः सहयोग गरिदिने वारे ।

श्री वडाकार्यालयहरु (भिमाद नगरपालिका) सबै ।
श्री इलाका प्रहरी कार्यालय, भिमाद ।
श्री भिमाद नगर उद्योग बाणिज्य संघ, भिमाद तनहुँ ।
श्री तनहुँ उद्योग बाणिज्य संघ, भिमाद बजार ईकाई ।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाको सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको छ । सो को कार्यान्वयन गर्ने कार्यमा सक्रिय सहभागिता जनाई विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको रोकथाममा सहयोग गरी दिनु हुन अनुरोध छ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री भिमाद एफ.एम, भिमाद-६ तनहुँ ।– सूचना प्रसारण गरिदिनुहुन।
श्री रेडियो भिमाद, भिमाद, तनहुँ । - सूचना प्रसारण गरिदिनुहुन।

# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:- ०७६/०७७

च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६

मितिः २०७७/०१/२६

**भिमाद नगरपालिकाको सूचना।**

| सि.नं. | मिति २०७७/०२/०५ सम्म सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | बिरामी ओसारपसार गर्ने एम्बुलेन्स/सवारी साधनहरु सञ्चालन हुन दिने | अनुमति आवश्यक नपर्ने |
| २ | औषधि बिक्रिबितरण एवं औषधि ढुवानी सेवा सञ्चालन हुन दिने | |
| ३ | मलामी/क्रियापुत्रीलाई क्रिरियाबस्ने स्थान सम्म पुऱ्याउने सवारी चल्न दिने | |
| ४ | मृतकको दाहासंस्कार गर्ने कार्यमा सकेसम्म न्यून व्यक्तिहरु संलग्न हुने व्यवस्था मिलाई आवतजावत गर्न दिने | |
| ५ | इन्धन बोक्ने सवारी साधनहरु (ग्याँस, डिजेल, पेट्रोल) डिलर वा पेट्रोलपम्प सम्म ढुवानी गर्ने | |
| ६ | विद्युत, सञ्चार, खानेपानी आपुर्ति सेवालाई सुचारु गर्न खटिने प्राविधिकहरुलाई नगरक्षेत्रभित्र आवतजावत गर्न दिने | कर्मचारी परिचयपत्र आवश्यक पर्ने |
| ७ | स्वास्थ्य तथा अत्यावश्यक सेवामा खटिने (यस नगरपालिकाका कर्मचारी समेत) कर्मचारीहरुलाई आवतजावत गर्न दिने | |
| ८ | सरकारी कामको सिलसिलामा खटिएका संघीय, प्रदेश तथा अन्य स्थानीय तहका कर्मचारीहरु, बैंकका कर्मचारीहरु, शिक्षकहरु | |
| ९ | पशुपंक्षीका दाना तथा अत्यावश्यक खाद्यान्न आयात अपरान्ह ४ बजे देखि राती १० बजेसम्म तथा ग्राहकहरुलाई विहान ६ बजे देखि १० बजेभित्र बितरण गरिसक्ने व्यवस्था मिलाउने | |
| १० | यस नगरक्षेत्रभित्र रहेका अत्यावश्यक खाद्यान्न आपूर्तिकर्ताहरुलाई देहायको स्वास्थ्य सुरक्षा व्यवस्था मिलाई अत्यावश्यक खाद्यान्न आयात गर्न अनुमति दिने<br>• सवारी चालकले अनिवार्य रुपमा मास्क र पञ्जा लगाउने व्यवस्था गर्ने<br>• सवारी चालकले खाद्यान्न ढुवानी पश्चात आफूले लगाएको लुगा, पञ्जा र मास्क खोलेर अलग्गै राखी साबुनपानीले राम्रोसँग नुहाएर मात्र अन्य क्रियाकलापमा सहभागी हुने<br>• खाद्यान्न ढुवानी गर्ने गाडीलाई डिसईन्फेक्सन गरेर मात्र ढुवानी गर्ने व्यवस्था मिलाउने<br>• खाद्यान्न लोड अनलोड गर्ने मजदूरहरुको पर्याप्त स्वास्थ्य सुरक्षा भएको एकिन गरेर मात्र लोड अनलोड गराउने<br>• खाद्यान्न ढुवानी गर्ने सवारीसाधनमा कुनै हालतमा पनि यात्रु नचढाउने<br>• उल्लेखित मापदण्ड उल्लंघन गर्नेलाई नगरपालिका क्षेत्रमा अर्कोपटक ढुवानी गर्ने अनुमति नदिईने | |
| ११ | **अत्यावश्यक खाद्यान्न बिक्रि गर्ने पसलहरु देहायका सुरक्षा प्रबन्ध अनिवार्य रुपमा मिलाई बिहान ६ बजे देखि १० बजे सम्म र अपरान्ह ४ बजे देखि साँझ ७ बजेसम्म खुल्ला गर्ने**<br>• बिक्रिकर्ताले अनिवार्य रुपमा पञ्जा प्रयोग गर्नुपर्ने,<br>• विक्रीगर्ने वस्तुहरु ग्राहकलाई छुन नदिने,<br>• ग्राहकलाई पसल भित्र पस्न नमिल्ने गरी मजबुत डोरीको घेरा बनाउने<br>• ३/३ फिटको दुरीमा ग्राहक उभिन मिल्ने (Social Distance) व्यवस्था मिलाउने<br>• उल्लेखित प्रबन्ध नगरी खुलेका पसलहरुलाई तत्काल बन्द गरिनेछ । | |
| १२ | ग्रामिण क्षेत्रमा अत्यावश्यक खाद्य सामाग्री आपूर्तिकर्ताहरुले सम्बन्धित वडा कार्यालयहरुको सिफारिशमा नगरपालिकाको अनुमति प्राप्त गरेपछि मात्र बिहान १० बजे भित्र भिमाद बजारबाट सम्बन्धित वडातर्फ प्रस्थान गरि ढुवानी गर्ने | |
| १३ | **भिमाद नगरपालिका क्षेत्रभित्र उत्पादन भएका दुध, तरकारीहरु बेचबिखन गर्न पाउने** | |
| १४ | **भिमाद नगरपालिका भन्दा अन्यक्षेत्रमा उत्पादन भएका तरकारी, फलफूल, पशुपंक्षीहरु भित्रिन नदिने** | |

(हस्ताक्षर) ... सिंह थापा
... प्रशासकीय अधिकृत